आज मिति २०८२।०६।३१ गते शुक्रवारका दिन बिहान ११:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

| क्र.सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | कार्यविधि स्वीकृत एवं संशोधन सम्बन्धमा। | |
| ३ | चालु आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | |
| ४ | बागमती फुटबल एकेडेमी संचालन तथा व्यवस्थापन सम्बन्धमा। | |
| ५ | झुरझुरे कभर्डहल निर्माणार्थ पुनरावलोकन गरिएको DPR को ड्राफ्ट रिपोर्ट सम्बन्धमा। | |
| ६ | चालु आ.व. २०८२/०८३ मा कार्यान्वयन भइरहेका ठेक्काहरुको म्याद थप स्वीकृति एवं अनुमोदन सम्बन्धमा। | |
| ७ | चालु आ.व. २०८२/०८३ मा विशेष अनुदान अन्तर्गत विनियोजित योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | |
| ८ | चालु आ.व. २०८२/०८३ मा सेवा करारमा नियुक्त कर्मचारीहरुको नियुक्ति अनुमोदन सम्बन्धमा। | |
| ९ | नदीजन्य पदार्थको उपयोग बापतको राजश्व संकलन सम्बन्धमा। | |
| १० | विविध १, २, ३, ४, ५ र ६ | |

सर्केश घलान
अध्यक्ष

CamScanner

## निर्णयहरु

*निर्णय नं. ०१*

**प्रस्तावित विषय नं. ०१** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

**प्रस्तावित विषय नं. ०२** माथि छललफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधिको मस्यौदा निर्माणका लागि अनुरोध गरिएकोमा उक्त कार्यविधिको मस्यौदा तयार भइ आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा सो कार्यविधिको दफावार छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको शिक्षा सहजकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ | स्वीकृत |

साथै, बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधि संशोधनको मस्यौदा तयारीका लागि अनुरोध गर्ने निर्णय गरियो।

देहाय

| क्र.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिका खेलकुद एकेडेमी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ | संशोधन |

*निर्णय नं. ०३*

**प्रस्तावित विषय नं. ०३** माथि छललफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. ४३५ मा उल्लिखित **"गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त प्रभावकारी बनाउनका लागि एवं गाउँपालिकाको कार्यबोझ, चाप तथा जनशक्तिलाई मध्यनजर गर्दै रु. ३ (तीन) लाख सम्मको योजनाहरु वडा तहबाट नै सम्झौता गरि कार्यान्वयनमा ल्याईनेछ।"** भन्ने नीतिको कार्यान्वयानार्थ बागमती गाउँपालिकाको अध्यक्षज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयहरुमा कार्यरत सरोकारवाला सम्पूर्ण कर्मचारीहरुको परिचालन मार्फत रु. ३ लाख सम्मको योजनाहरु वडातहबाट नै सम्झौताको प्रक्रिया शुरु गरी कार्यान्वयन गर्ने तथा चालु आ.व. २०८२/०८३ को वैशाख मसान्त भित्र अधिकांश योजनाहरु कार्यान्वयन गरी गुणस्तरीय, दिगो एवं भरपर्दो विकासका आयामलाई संस्थागत गर्दै सुदृढ तबरले कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

निर्णय नं ०४

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. १९५ मा उल्लिखित **"बागमती गाउँपालिका वडा नं. ०८ मा अवस्थित जनता मा.वि. को प्राङ्गणमा निर्माणाधीन छात्रावासको निर्माण सम्पन्न गरी आवासीय छात्रावासको व्यवस्था मिलाईनुका साथै सोही स्थानमा बागमती खेलकुद एकेडेमी संचालनमा ल्याइनेछ।"** भन्ने नीतिको प्रभावकारी कार्यान्वयनका लागि उक्त छात्रावासमा आवश्यक पर्ने आधारभूत सामग्रीहरुको व्यवस्थापन गरी U-12(Boys)=25 जना, U-14(Boys)=25 जना र U-15(Girls)=25 जना गरी विभिन्न चरणमा छनौट भएका छात्रछात्राहरु हाललाई अधिकतम् करिब ७५ जना रहने गरी सो छात्रावासमा राखी फुटबल एकेडेमी संचालन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं ०५

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा सङ्घीय समपूरक अनुदान अन्तर्गत झुरझुरे कभर्ड हल निर्माणका लागि विनियोजित बजेटको प्रभावकारी एवं गुणस्तरीय तवरले कार्यान्वयन गर्ने प्रयोजनार्थ उक्त योजनाको गत विगतमा निर्माण गरिएको डिपीआर समय सापेक्ष पुनरावलोकन गर्नु पर्ने भएकोले प्रचलित कानुन बमोजिम परामर्शदातृ संस्था छनौट गरी डिपीआर पुनरावलोकनका लागि मिति २०८२/०६/०९ लाई कायदिश दिईएकोमा उक्त परामर्शदातृ संस्थाबाट २०८२/०६/२९ गतेका दिन सो डिपीआरको ड्राफ्ट रिपोर्ट पेश गरेको हुँदा केही सुधारात्मक पक्षहरुमा सुधार गर्न सल्लाह, सुझाव प्रदान गरी प्रचलित नर्म्स अनुसार देहाय बमोजिमको डिपीआरको Final Report तयार पारी पेश गर्न गाउँ कार्यपालिकाको कार्यालय मार्फत निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | विवरण | परामर्शदातृ संस्था | कैफियत |
|---|---|---|---|
| १ | Consulting service for Review and update of detail project report of Covered Hall | Shanta Consultants Pvt.Ltd., Lalitpur. | |

निर्णय नं ०६

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा गत विगत आ.व. २०८१/०८२ मा विभिन्न कारणहरुले गर्दा चालु आ.व. २०८२/०८३ मा कार्यान्वनको चरणमा रहेका देहायका क्रमागत योजनाहरुको आवश्यकता एवं औचित्यताको आधारमा थप गरिएको म्याद स्वीकृत तथा अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | ठेक्काको नाम | ठेका नं. | अघिल्लो म्याद | २०८२/२०८३ मा थप भएको म्याद | निर्माण व्यवसायीको नाम | म्याद थप गरिएको |
|---|---|---|---|---|---|---|
| १. | Construction of 15-Bed Hospital at Bagmati Rural Municipality. | BRM/NCB/Works/05/2079/2080 | २०८२/०२/२३ | २०८२/०५/२३ र २०८२/०८/२० | Shivalay builders Pvt.Ltd. | ८७ दिन (२ महिना २७ दिन) |
| २. | Construction Of Student Hostel Building at Janta | BRM/NCB/Works/08/2080/2081 | २०८१/०३/०७ | २०८२/०७/३० | Sundar Nepal – Shyarsekali J.V. | १४३ दिन (४ महिना २३ दिन) |

सर्केश घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Janta Secondary School | | | | | |
| ३. | Construction Of Bailey Bridge at Dhade khola Bagmati-06 | BRM/NCB/Works/05/2079/2080 | २०७९/१२/३० | २०८२/०६/३० | Gurukul Builders Pvt.Ltd. | २ वर्ष ६ महिना |

*निर्णय नं. ०७*

प्रस्तावित विषय नं. ०७ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने देहायानुसारको योजना तथा कार्यक्रमको कार्यान्वयन विशेष अनुदान सम्बन्धी कार्यविधिको अधीनमा रहि आन्तरिक नियन्त्रण प्रणाली अपनाई विशेष अनुदान माग गर्ने प्रयोजनार्थ तयार पारी पेश गरिएको सम्भाव्यता अध्ययन एवं प्रस्तावको आधारमा Break Down गरी कार्यान्वन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क.स. | कार्यक्रम | विनियोजित बजेट (रु.) | अनुदानको प्रकृति | कार्यक्रम Break Down | | कै. |
|---|---|---|---|---|---|---|
| | | | | शीर्षक | रकम (रु.) | |
| १. | बागमती गुणस्तरीय शिक्षा एवं विद्यालय सूचना प्रविधि सहयोग परियोजना | १,६५,००,०००।- | संघीय विशेष अनुदान | बागमती गुणस्तरीय शिक्षा विकास तलिम | २०,००,०००।- | |
| | | | | सामुदायिक विद्यालयहरुमा ICT सामग्री व्यवस्थापन | ८५,००,०००।- | |
| | | | | सामुदायिक विद्यालयहरुमा बालमैत्री कक्षाकोठा व्यवस्थापन | ६०,००,०००।- | |
| २ | Bagmati Health Service Development and Support Project | ५०,००,०००।- | प्रदेश विशेष अनुदान | बागमती स्वास्थ्य सेवा विकास तालिम | ५,००,०००।- | |
| | | | | अस्पताल ल्याब व्यवस्थापन/संचालन | १७००,०००।- | |
| | | | | डिजिटल एक्से रे मेसिन व्यवस्थापन | १८,००,०००।- | |
| | | | | अस्पताल फार्मेसी संचालन | १०,००,०००।- | |

राकेश घलान
अध्यक्ष

**निर्णय नं. ०८**

प्रस्तावित विषय नं. ०८ माथि छललफल गर्दा बागमती गाउँपालिकाको दैनिक प्रशासनिक कामकाजमा सहजीकरण एवं सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउनका लागि चालु आ.व. को योजना तथा कार्यक्रम अन्तर्गतका र प्रचलित कार्यविधि बमोजिमका देहाय अनुसारका सेवा करारमा कार्यरत कर्मचारीहरुको नियुक्ति प्रकृया एवं नियुक्तिहरुलाई अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र. सं. | विज्ञापन नं. | पद | करार अवधि | | | छनौट भएका उम्मेदवार | मासिक आधारभूत तलबमान (रु.) | तलबको स्रोत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नियुक्ति मिति | सम्म | समय (वर्ष) | | | | |
| १ | ०५।२०८१।०८२ | हेभी सवारी चालक | २०८२।०५।२३ | २०८२।०९।३० | | दिनेश गोले | २९२९५ | गाउँपालिका | |
| २ | ०५।२०८१।०८२ | हेभी सवारी चालक | २०८२।०५।२३ | २०८२।०९।३० | | चिज कुमार पुलामी | २९२९५ | गाउँपालिका | |
| ३ | ०१।२०८२।०८३ | कार्यालय सहयोगी | २०८२।०५।२३ | २०८२।०९।३० | | सम्झना पुलामी मगर | १८००० | गाउँपालिका | |
| ४ | ०२।२०८२।०८३ | मेडिकल अधिकृत | २०८२।०६।२० | २०८२।०९।३० | | पुनदेव कुमार सहनी | ४८७३७ | गाउँपालिका | |
| ५ | ०३।२०८२।०८३ | मुख्य फुटबल प्रशिक्षक | २०८२।०६।०१ | २०८४।०६।०१ | २ वर्ष | मेघराज के.सी. | १०९२२३ | गाउँपालिका | |
| ६ | ०४।२०८२।०८३ | पशु चिकित्सक | २०८२।०६।२० | २०८२।०९।३० | | विनोद शाह | ४३६८९ | एक पालिका एक भेटेरिनरी डाक्टर | |
| ७ | ०५।२०८२।०८३ | मनोसामाजिक परामर्शकर्ता | २०८२।०६।२० | २०८२।०९।३० | | सुभद्रा घलान | ३४७३० | मनोसामाजिक परामर्शकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन) | |
| ८ | ०६।२०८२।०८३ | रिटर्नी स्वयंसेवक | २०८२।०६।२० | २०८२।०९।३० | | निराज वाईवा | २०००० | SaMi परियोजना | |
| ९ | ०६।२०८२। | रिटर्नी स्वयंसेवक | २०८२।०६।२० | २०८२।०९।३० | | अनुराज घिसिङ | २०००० | | |

सर्केश घलान
अध्यक्ष

CamScanner

| क. सं. | विज्ञापन नं. | पद | करार अवधि | | | छनौट भएका उम्मेदवार | मासिक आधारभूत तलबमान (रु.) | तलबको स्रोत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नियुक्ति मिति | सम्म | समय (वर्ष) | | | | |
| १० | ०७।२०८२।०८३ | जनस्वास्थ्य अधिकृत | २०८२।०६।२० | २०८२।०९।३० | | योगेश घलान | ४५८५१ | म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | |
| ११ | ०८।२०८२।०८३ | उसु प्रशिक्षक | २०८२।०६।२० | २०८२।०९।३० | | जयराम रखाल | २६०८२ | गाउँपालिका | |
| १२ | ०९।२०८२।०८३ | उद्यम विकास सहजकर्ता | २०८२।०६।२० | २०८२।०९।३० | | योग कुमारी खत्री | ३२९०२ | उद्यम विकास सहजकर्ताहरु को पारिश्रमिक (एकमुस्ट) | |

*निर्णय नं. ०९*

**प्रस्तावित विषय नं. ०९** माथि छललफल गर्दा चालु आ.व. २०८२/०८३ मा नदीजन्य पदार्थको उपयोग र शुल्क लिने सम्बन्धमा गत विगतमा गाउँपालिकाद्धारा गरिएको IEE को म्याद अझै १ बर्ष बाँकी भएको र बागमती प्रदेशको कानुन बमोजिम जिल्ला समन्वय समितिबाट ToR स्वीकृति भइ खोलाका नयाँ विन्दुहरुमा समेत IEE को प्रक्रिया आरम्भ गरिएको सन्दर्भमा हाललाई अति आवश्यकीय योजनाहरुको कार्यान्वयनको चरणमा र आम नागरिकहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थको प्रयोगको सन्दर्भमा विगतमा गरिएको IEE प्रतिवेदनमा उल्लिखित विन्दुहरुबाट तोकिएको परिमाणमा तथा वातावरणीय असर नपर्ने गरी उपयोगका लागि प्रचलित कानुन अनुसारको शुल्क लिएर प्रयोग गर्न दिने साथै योजना/आयोजना/परियोजनाको हकमा योजना कार्यान्वयनको क्रममा निस्किएको स्थानीय नदीजन्य पदार्थको शुल्क लिइ प्रयोग गर्न दिनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. १०*

**प्रस्तावित विषय नं. १०** विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. आ.व. २०८१/०८२ मा बागमती गाउँ कार्यपालिकाको कार्यालय र सहज बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. बागमती-०७, लामिटारको बीचमा नदीजन्य पदार्थ संकलन तथा बिक्रीको लागि मिति २०८१/११/०९ गतेको सम्झौता मुताविक स्थानीय राजस्व बाँडफाँड अन्तर्गत आय ठेक्का ब्यबस्थापन गरि कार्य अगाडि बढाईएकोमा सम्झौतामा उल्लिखित परिमाण सम्झौता अवधि भित्र संकलन गरिएको तर बिक्री गर्न नसकिएको कारण उक्त प्रा.लि. ले मिति २०८२/०४/२० गतेका दिन बिक्री गरि बाँकी रहेको नदीजन्य पदार्थको मौज्दात प्रमाणित गरि दिनको लागि निवेदन माग भइ आएकोले उक्त संकलित नदीजन्य पदार्थको यकिन गरि मौज्दात प्रमाणित गर्ने

सर्केश घलान
अध्यक्ष

प्रयोजनार्थ गठित समितिको मिति २०८२/०६/२० गतेका दिन बसेको निर्णय तथा सिफारिसको आधारमा प्रथम मौज्दात परिमाण ३३,६५४.३२ घ.मी. गेग्रान/ढुंगा उक्त मौज्दात प्रमाणित गर्ने निर्णय गरियो। साथै गाउँ कार्यपालिकाको कार्यालयबाट पत्राचार गरिएको मितिले ४५ (पैंतालीस) दिनको समयावधि तोकी मौज्दात परिमाणमा उल्लिखित परिमाण ठेकेदारको स्थानबाट स्थानान्तरण गरी बिक्री वितरण तथा प्रयोगमा ल्याउन प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्बन्धित सम्झौताकर्तालाई निर्देशन दिने र तोकिएको समयावधि भित्र बिक्री वितरण तथा प्रयोग नगरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरी जफत गर्ने निर्णय गरियो।

२. बागमती गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ बमोजिम नयाँ इजाजतपत्रका लागि देहायानुसारका कन्स्ट्रक्सन प्रा.लि.ले पेश गरेको आवेदन, आवश्यक कागजातहरु र समिति/उपसमितिको राय एवं सिफारिस समेत आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त सबै प्रस्तावलाई स्वीकृत गरी इजाजतपत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

देहाय

| क.सं. | निर्माण व्यवसायीको नाम, थर र ठेगाना | कन्स्ट्रक्सन प्रा.लि. को नाम र ठेगाना | इजाजतपत्रको प्रकृति | कैफियत |
|---|---|---|---|---|
| १ | कर्ण बहादुर स्याङ्तान, बागमती-०८ | के. पि. ए. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बागमती-०८ | "घ" वर्ग | |
| २ | राजकुमार सिन्धुरी, बागमती-०२ | आर. के. एस. कन्सट्रक्सन एण्ड ट्रेडर्स, बागमती-०२ | "घ" वर्ग | |

३. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाई आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा विनियोजित आपत् विपद्मा परेका स्थानीय नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | होम बहादुर रुम्बा | बागमती-०१ | १५,०००।- | |
| २ | टिकाराम काईबा | बागमती-०६ | १५,०००।- | |

४. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ६ बमोजिम यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत, अधिकृतस्तर छैटौं श्री शिशिर घिमिरेलाई मिति २०८२ साल कार्तिक १ गतेबाट लागू हुने गरी सातौं तहको अधिकृतको रुपमा तह बढुवा गरी कामकाजमा लगाई सोही बमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

सर्केश घलान
अध्यक्ष

५. बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा विनियोजित मिक्सचर खरिद योजना कार्यान्वयनार्थ Technical Specification र Cost Estimate तयारीको लागि मेकानिकल ईञ्जिनियर श्री प्रेम प्रसाद सापकोटालाई परामर्श सेवा खरिद खर्च शीर्षकमा विनियोजित बजेटबाट भुक्तानी हुने गरी रु. २० हजार उपलब्ध गराउने।

६. बागमती गाउँपालिकाको खेलकुद विकास समितिको प.नं. ०४, मिति २०८२/०६/२६ गतेको प्राप्त पत्रानुसार प्रथम बकैया खुला फुटबल प्रतियोगिता, २०८२ मा गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहभागिता जनाए बापत हुन आउने खर्च पेश गरिएको बिल भरपाईको आधारमा भुक्तानी दिने।

सर्केश घलान
अध्यक्ष

CamScanner